अनुसूची- २

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# भजनी नगरपालिका , कैलाली

# स्थानीय राजपत्र

खण्ड : ४ | संख्या : ३ | प्रमाणीकरण मिति : २०७८/०४/०१

प्रकाशन मिति : २०७८/०४/०५

## भाग - १

## भजनी नगरपालिकाको आर्थिक बर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि स्थानीय संञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

प्रस्तावना : भजनी नगरपालिका, कैलाली २०७८/७९ को सेवा रकार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले , नेपालको संविधानको धारा २२९ को उप –धारा (२) बमोजिम भजनी नगरपालिका, कैलालीको नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ :**(१) यस ऐनको नाम "भजनी नगरपालिका, कैलालीको विनियोजन ऐन, २०७८" रहेको छ |

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७८/७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०७८/७९ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६२,९७,६५,०००/- ( बयासठ्ठी करोड सन्तानब्बे लाख पैसठ्ठी हजार मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३.**विनियोजन :** (१) यस ऐनले सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७ ८/७९को लागी भजनी नगरपालिका, कैलालीको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो

शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्नतथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा२ संग सम्बन्धित)

**संचितकोषबाट विनियोजन हुने रकम**

**आ.व. २०७८/०७९ को अनुमानित आय र व्यय विवरण**

| क्र.स | अनुमानितआय | रकम रु | अक्षरमा | अनुमानित व्यय | रकम रु | अक्षरमा |
|---|---|---|---|---|---|---|
| १ | न.पा. आन्तरिक आय | २५०००००० | दुई करोड पचास लाख | चालु खर्च (केन्द्र र वडा तर्फ) | १४०००००० | चौध करोड |
| २ | आन्तरिक आय घर जग्गा (रजिस्ट्रेशन) | ८०००००० | असी लाख | नगर स्तरीय योजना (पुँजीगत) | ८१६०३००० | आठ करोड सोह्र लाख तिन हजार |
| ३ | वित्तीय समानीकरण (संघिय) | १५४३०००० | पन्ध्र करोड त्रिचालिस लाख | वडा स्तरीय योजना (पुँजीगत) | ९०००००० | नौ करोड |
| ४ | राजस्व बाडफाड बाट प्राप्त (संघिय) | १०५८८५००० | दश करोड अन्ठाउन्न लाख पचासी हजार | समपुरक कोष (म्याचिङ्ग फण्ड) पुजिगत | ५०००००० | पचास लाख |
| ५ | शशर्त अनुदान (संघिय) | २४६८०००० | चौविस करोड अठसठ्ठी लाख | शशर्त अनुदान (संघिय) | २४६८०००० | चौविस करोड अठ्सठी लाख |
| ६ | विशेष अनुदान (संघीय) | ८४०००० | चौरासी लाख | विशेष अनुदान (संघीय) | ८४०००० | चौरासी लाख |
| ७ | समपुरक अनुदान (संघीय) | २०८०००० | दुई करोड आठ लाख | समपुरक अनुदान (संघीय) | ४१६०००० | चार करोड सोह्र लाख |
| ८ | वित्तीय समानीकरण (प्रदेश ) | ११२३७००० | एक करोड बाह्र लाख सैतिस हजार | पदाधिकारी दुर्घटनाबिमा कोष | २५००००० | पच्चीस लाख |
| ९ | राजस्व बाडफाड बाट प्राप्त (प्रदेश) | ३४१२००० | चौतिस लाख बाह्र हजार | कर्मचारीकल्याण कोष | ३०००००० | तिस लाख |
| १० | समपुरक अनुदान (प्रदेश) | २९३१००० | उन्निस लाख एकतिस हजार | समपुरक अनुदान (प्रदेश) | ५८६२००० | अन्ठाउन्न लाख बैसठ्ठी हजार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | विशेष अनुदान (प्रदेश) | ३०००००० | तिस लाख | विशेष अनुदान (प्रदेश) | ३०००००० | तिस लाख |
| १२ | न. पा. अल्या बजेट (संचित कोष खाता) | ४०००००००० | चार करोड | समपुरक (म्याचिंग फण्ड) चालु | २०००००० | बिस लाख |
| | **जम्मा रु.** | ६२९७६५००० | बयासठ्ठी करोड सन्तानब्बे लाख पैसठ्ठी हजार | **जम्मा रु.** | ६२९७६५००० | बयासठ्ठी करोड सन्तानब्बे लाख पैसठ्ठी हजार |

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत